
# कागबाट घरायसी फोहोर सुरक्षित साथ राख्नको लागी

**① कच्चा वा भान्साको फोहोर कम गरौं।**

खाना पकाउँदा, कच्चा फोहोर कम गर्ने प्रयास गर्नुहोस् र खाना खेर नफाली कच्चा फोहोर कम गरौं।



**② बाहिर निकालिएको कच्चा फोहोरलाई छोपेर राख्नुहोस्।**

कच्चा फोहोरलाई पत्र पत्रिका वा कागजमा बेर्नुहोस् ताकि भित्रको फोहोर नदेखिनेगरि फाल्नुहोस्।

* कृपया पुरै फोहोरलाई नभई कच्चा फोहोरलाई मात्र छोप्नुहोस् ।

**③ काग लगायतक पन्छिबाट रोकथाम गर्नकोलागी जालीको प्रयोग गर्नुहोस।**

फोहोरको झोलालाई जालीले छोप्ने प्रयास गर्नुहोस् ताकि कागले फोहोर लग्न नसकोस्।

* कृपया सावधान रहनुहोस् किनकि फोहोरको झोला जाली बाट बाहिर निस्कियो वा वजन नभएको खण्डमा यो प्रभावकारी हुनेछैन।

**④ फोहोर संकलन गर्ने दिनको बिहान मात्र बाहिर निकाल्ने/फाल्ने**

कागहरू धेरै चाँडो उठ्छन्। यदि तपाईंले अघिल्लो दिन आफ्नो फोहोर बाहिर राख्नुभयो भने, कागहरूले खाने र लथालिङ्ग हुने सम्भावना बढी हुन्छ। साथै, रातमा बिरालो र अन्य जनावरहरूले लथालिङ्ग पार्न सक्छ। त्यसैले सङ्कलन गर्ने दिनको बिहान मात्र आफ्नो फोहोर बाहिर निकाल्नुहोस् ।

**कागबाट हुने क्षतिबाट नगरलाई जोगाउन सहयोगको अपेक्षा गर्दछौं।**